सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. :-

**कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०/०१/०४

यस सिद्धलेक गाउँपालिका कृषि विकास शाखाको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अध्यक्ष नमूना व्यवसायिक फलफूल बगैंचा स्थापना कार्यक्रम अनुसार तपसिलका फलफूल बिरुवा पूर्ण अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकाले उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/कृषक समुह/कृषि फ़र्महरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन ( मिति :२०८०/०१/२४ गते ) भित्र आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित वडा कार्यालयमा निवेदन/प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी पेश हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नगरिने व्यहोरा जानकारी गराईन्छ ।

| क्र.सं. | फलफूलको बिरुवा | मापदण्ड | प्रति रोपनी आवश्यक बिरुवा संख्या | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | कागती | कम्तिमा २ रोपनीमा खेती गर्नुपर्नेछ । | २५ | ३,००,०००।- | |
| २. | लिची | कम्तिमा २ रोपनीमा खेती गर्नुपर्नेछ । | ७-८ | २,००,०००।- | |
| ३. | केरा | कम्तिमा २ रोपनीमा खेती गर्नुपर्नेछ । | १२५ | २,००,०००।- | |
| ४. | ड्रागन फ्रुट | कम्तिमा १ रोपनीमा खेती गर्नुपर्नेछ । | ६० | २,००,०००।- | |
| ५. | एभोकाडो | कम्तिमा १ रोपनीमा खेती गर्नुपर्नेछ । | ६ | २,००,०००।- | |
| ६. | कफी | कम्तिमा १ रोपनीमा खेती गर्नुपर्नेछ । | ११० | २,००,०००।- | |

**संलग्न कागजातहरु**

१. रु. १०।- को हुलाक टिकट टाँस गरी कार्यक्रम प्रस्ताव सहितको निवेदन ।

२. व्यक्तिगत कृषकहरुको हकमा नागरिकता र जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।

३. कृषक समुह र नीजि कृषि फर्महरुको हकमा संलग्न लाभग्राहीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी, संस्था दर्ता प्रमाण-पत्र ,नवीकरण प्रमाण पत्र , पान नं., करचुक्ताको प्रमाण पत्र प्रतिलिपी र कार्यक्रम माग सम्बन्धी संस्थाको निर्णय प्रतिलिपी

४. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा करारनामा पत्र ।

*बिस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।*

*सम्पर्क व्यक्तिहरु : श्री कोमल प्रशाद जोशी - ९८६४३००१०१, श्री इरिसा पाटामगर -९८६८८३६८८१*

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ** :

श्री सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरीदिनु हुन ।